# अनिवार्य आधारभूत शिक्षा गाउँपालिका कार्यान्वयन निर्देशिका २०८१

(शिक्षा मन्त्रालयको मिति २०७१/०६/३० को निर्णयानुसार (माननीय मन्त्रीस्तर) स्वीकृत) अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका, २०७१ को आधारमा तयार गरेको

## सिजा गाउँपालिका
## शिक्षा युवा तथा खेलकुद शाखा, नराकोट जुम्ला

## १. परिचयः

अनिवार्य आधारभूत शिक्षा आर्जन गर्न पाउनु सबै बालबालिकाहरुको बालअधिकार हो, जसलाइ बालअधिकार महासन्धिले प्रत्याभुत गरेको छ । बालबालिकाहरुका आधारभूत अधिकारहरु बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको अधिकारहरुको सम्मान संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व हो । यी अधिकारहरु जो कोहिबाट पनि हनन् हुन गएमा कानुनी रुपमा दण्डनिय हुन्छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्म **गुणस्तरीय शिक्षा सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने** उल्लेख गरेको छ । यि सबै प्रतिवद्धताहरुलाई नेपालले अनुमोदन गरी सकेको छ । नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ जसमाः (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । (३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ । भन्ने व्यवस्था उल्लेख गरिसकेको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । त्यसैले जब सम्म शिक्षालाई सर्वसुलभ र अनिवार्य बनाउन सकिदैन, तब सम्म देशको आधा जनसंख्या ओगटेका बालबालिकाहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चत हुन नसक्नेमा कसैको पनि दुई मत नहोला । यसरी हेर्दा राज्यले बालबालिकाहरुको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा अधिकारको बारेमा प्रतिवद्धता व्यक्त गरे तापनि कार्यान्वयन हुन नसकेको यस परिस्थितिमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको अभियान संचालन गर्न नितान्त रुपमा आवश्यक भएकोले यस सिजा गाउँपालिकाले अनिवार्य तथानिःशुल्क शिक्षा वडा तथा गाउँपालिका घोषणा गरी कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ ।

यस गाउँपालिकामा सबै बालबालिकाहरुको शिक्षामा पहुँच र गुणस्तर कायम गर्नको लागी यस गाउँपालिकाको अगुवाईमा अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा गाउँपालिका घोषणा गर्ने तथा सरोकारवालाहरु संगको समन्वयमा यसको कार्यान्वयन गर्नको लागि यो अभियान अघि सारिएको हो । यसको कार्यान्वयनको लागि शिक्षा विकास तथा, समन्वय ईकाइ, शिक्षाप्रेमी, राजनीतिक दल, स्थानीय जनप्रतिनीधी,शिक्षक, विद्यालय व्यवस्थापन समिति, बालक्लव, नागरिक समाज संजाल र शिक्षा क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संघ संस्थाहरुको महत्वपूर्ण सहयोगको अपेक्षा गरिएको छ । गाउँपालिकाले यस निर्देशिकामा उल्लेखित सुचकहरुलाई विद्यालयको सेवा क्षेत्र, वडा र गाउँपालिका तहमा पुरा गर्न विभिन्न किसिमका गतिविधीहरु संचालन गर्नेछ । सम्पूर्ण सूचकहरु पुरा गरीसके पछि अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा सुनिश्चित भएका वडा तथा गाउँपालिका घोषण गर्ने परिकल्पना बोकेको छ । यस निर्देशिकालाई आवश्यकता अनुसार समय समयमा आम भेलाद्धारा समिक्षा एवम् पुनरावलोकन गरिने छ ।

## २. नाम र प्रारम्भ

यस निर्देशिकाको नाम **"अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका"** (Compulsory Basic Education Implementation Guideline **(FCBEIG)** रहने छ ।

## ३. लक्ष्य

गाउँपालिकामा रहेका विद्यालय उमेर समूहका (४ देखि १२) सम्पूर्ण बालबालिकाहरुलाई कम्तिमा आधारभूत तहसम्मको शिक्षामा शतप्रतिशत पहुँच सुनिश्तिच गरी अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गाउँपालिका घोषणा गर्ने ।

## ४. उद्देश्य

यस निर्देशिकाले तोकियको लक्ष्य हासिल गर्नका लागी निम्न अनुसारका उद्देश्यहरु तय गरेको छ :

- गाउँपालिकाको ६ वटै वडाका विद्यालय उमेर समूहका शतप्रतिशत बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरी निरन्तरता कायम गर्ने ।
- सबै विधालयमा बाल,अपांगता, बालिकामैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप संचालन गरी बालबालिकाहरुका लागी सुरक्षित, समावेशी र गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्ने ।
- परिवारको आर्थिक अवस्था, अपांगता वा अन्य कुनै पनि कारण शिक्षाबाट कुनै पनि बालबालिकाहरुलाई बञ्चित हुन नदिने ।
- कार्यक्षेत्र भित्र रहेका सम्पूर्ण परिवारहरुको घरधुरी सर्वेक्षण गरी सहयोग आवश्यक भएका परिवारलाइ आवश्यक सहयोग गरी आधारभुत तहको विद्यालय शिक्षामा पहुँचको सुनिश्चित गर्ने आधारभूत तह सम्मको शिक्षा सबै बालबालिकाहरुका लागी उपलब्ध,स्वीकार्य, पहुँच योग्य र सुलभ भएको सुनिश्चित गर्ने ।

### <u>४.१.सहायक उद्देश्यहरु:</u>

- विद्यालयमा बाल, अपांगता, बालिकामैत्री सक्रिय शिक्षण सिकाई क्रियाकलापहरुको प्रवर्द्धनमा जोड दिने ।
- अभिभावक र बालबालिकाहरुहरुको विद्यालयका गतिविधिहरुमा सहभागिता अभिवृद्धि गर्ने ।
- विद्यालयको आन्तरिक श्रोत वृद्धिमा वैकल्पिक उपायहरुको खोजी गर्न सहजीकरण गर्ने ।
- विद्यालय बाहिर रहेका तथा जोखिम परिस्थितिमा रहेका बालबालिकाहरुको लागि वैकल्पिक शिक्षा कक्षा मार्फत विद्यालयमा ल्याउने ।
- सेवा क्षेत्रका बालबालिकाको संख्याको आधारमा बालविकास केन्द्र विस्तार र सुदृढीकरणमा जोड दिने ।
- बालबालिका र युवा समुहहरुलाई गुणस्तरीय शिक्षा प्रवर्द्धनमा सहभागि गराउने ।

## ५. कार्यान्वयन प्रकिया:

- वडा परिषदबाट अनिवार्य आधारभूत शिक्षा सुनिश्चित वडा घोषणाका लागी निर्णय गर्ने
- सेवा क्षेत्रका ४ देखि १२ बर्ष उमेर समूहका बालबालिकाहरुको तथ्याङ्क संकलन र विश्लेषण गर्ने र विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुको विद्यालयमा भर्ना गर्ने ।
- आर्थिक अवस्था कम्जोर भएका अति विपन्न परिवारका बालबालिकाहरु, एच आइ भी संक्रमित र प्रभावीत र अपाङ्गता भएका बालबालिकाहरुलाई शैक्षिक सामग्री सहयोग गरी विद्यालय निरन्तरतामा सहयोग गर्ने ।
- शारीरिक अपाङ्गताका कारण विद्यालय नियमित गई पठनपाठन गर्न नसक्ने बालबालिकाहरुका लागी घरमै विद्यालयको व्यवस्था गरी शिक्षामा पहुँच पुऱ्याउने ।
- आएको तथ्यांकको आधारमा पालिका शिक्षा योजना तथा प्रत्येक विद्यालयको विद्यालय सुधार योजना निर्माण, अध्यावधिक तथा पुनरावलोकन गर्ने ।

- शैक्षिक सुधारका लागि बहस, शिक्षा सम्मेलन, विद्यालय भर्ना, जन्म दर्ता, स्वास्थ्य सिविर, भयरहित शिक्षण, विद्यालय शान्ति क्षेत्र, हिंसारहित विद्यालय निर्माण र उपचारात्मक कक्षा जस्ता अभियानहरु संचालन गरी सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना र नियमित बनाउर्ने ।
- बालबालिकाहरुलाई नियमित विद्यालय पठाउन अभिभावकहरुसँग छलफल अर्न्तक्रिया जस्ता कार्यक्रमहरु संचालन गर्ने ।
- अनिवार्य आधारभूत शिक्ष वडा घोषणाका लागी वडा समिति र पालिकाका लागी पालिका शिक्षा समितिले विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुको अनुगमन गरी सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएको सुनिश्चित गर्ने ।
- गाउँपालिकाले शिक्षा विकास तथा समन्वय ईकाइ, गाउँ शिक्षा समिति, वडा बालअधिकार समिति तथा शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुसँगको साझेदारीमा कार्यकम संचालन गर्ने ।
- बाल तथा युवा समुहका कार्यकम विस्तारमा जोड दिने ।
- रेडियो पत्रपत्रिका आदिको प्रयोग गर्ने ।
- नियमित अभिलेखिकरण तथा व्यवस्थापन गर्ने ।
- वडा घोषणा गर्दा गाउँपालिकामार्फत सम्बन्धित वडाको अनुगमन गरी सूचक पुरा भए नभएको सुनिश्चित गर्ने ।
- सम्पूर्ण सुचक पुरा भएमा वडा र गाउँपालिकालार्य अनिवार्य आधारभूत शिक्षा सुनिश्चित वडा तथा पालिका घोषणा गर्ने ।
- हरेक बर्ष वडा तथा पालिका स्तरमा सरोकारवालाको सहभागितामा कार्यान्वयनको समिक्षा गर्ने ।

## ६. रणनीतिहरुः

- अनिवार्य आधारभूत शिक्षा सुनिश्चितताका लागी जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय ईकाइ, गाउँपालिका बिषयगत शाखाहरु तथा विभिन्न गैससहरुसँग सहकार्य र समन्वय भएको हुनेछ ।
- विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी विश्लेषण गरिनेछ, वडा घोषणा गर्दा वडा समिति र गाउँपालिका घोषणा गर्दा गाउँ शिक्षा समितिले अनुगमन गरी सबै बालबालिका विद्यालयमा भर्ना भएको सुनिश्चित गरिनेछ ।
- सबै विद्यालयहरु शान्तिक्षेत्र घोषणा गरी विद्यालयमा सुरक्षित र संरक्षित शिक्षण सिकाइ वातावरण तयार गरिनेछ ।
- बालबालिकाको विद्यालय तथा बालविकास केन्द्रमा भर्ना,नियमितता र सिकाई उपलब्धी सम्बन्धीका बिषयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सक्रिय भएका हुनेछन् ।
- सबै बालबालिकाहरुको शिक्षामा पहुँच पुर्‍याउन घरमै विद्यालय जस्ता वैकल्पिक सिकाइ कार्यक्रमहरु संचालन गरिने छ ।
- बालसंरक्षण समिति, महिला अधिकार मंच र बाल तथा युवा समुहद्वारा सबै बालबालिकाहरुको शिक्षामा पहुँच पुर्‍याउन सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- अनिवार्य आधारभूत शिक्षा सम्वन्धी भएका कानुनी प्रावधान विषयमा नीतिगत रुपमा प्रचार प्रसारमा जोड दिइनेछ ।
- अनिवार्य आधारभूत शिक्षा सम्वन्धी वडा घोषण गर्दा वडा र गाउँपालिका घोषण गर्दा गाउँपालिकास्तरमा एक दिने अभिमुखिकरण संचालन गरिनेछ ।
- रेडियो र पत्रपत्रिकाको माध्यमद्वारा अनिवार्य आधारभूत शिक्षा कार्यकम प्रसारण गरिनेछ ।
- बालबालिकाहरुका सवालहरुलाई मुलप्रवाहिकरण गरिनेछ ।
- वडामा वडा समिति र गाउँपालिकामा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको अगुवाईमा टोलटोलमा विभिन्न अभियानहरु संचालन गरिनेछ ।

- प्रत्येक बर्ष अनिवार्य आधारभूत शिक्षा वडा घोषणा कार्यान्वयनको बिषयमा समिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- कार्यक्रमलाई निरन्तरता दिनका प्रत्येक बर्ष वडा परीषदबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र हिंसारहित वडा कार्यान्वयन गर्नका लागी आवश्यक बजेट विनियोजन गरिनेछ, उक्त बजेट वडा समितिले निर्णय गरी परिक्षा संचालन, विद्यालय भर्ना तथा विद्यालयमा पहुँच पुग्न नसकेका जोखिम परिस्थितीका बालबालिकाहरुलाई शैक्षिक सामग्री, विद्यालय पोषाक, विद्यालयमा बालमैत्री वातावरण तयारीका लागी सामग्री खरिद र सकारात्मक अभिभावकत्व सम्बन्धी सचेतीकरण कार्यक्रममा खर्च गरिनेछ ।

## ७. परिभाषा

५.१ "अनिवार्य" भन्नाले कक्षा बालविकास  देखि ८ सम्मका विद्यालय तथा बालविकास उमेरका सवै बालबालिकाहरु विद्यालयमा अनिवार्य भर्ना हुनै पर्छ भन्ने  सम्झनुपर्दछ ।
५.२ "संचालन निर्देशिका" भन्नाले कार्यक्रम संचालन गर्न गाउँपालिकाले तयार गरी पारित गरेको मार्ग निर्देशिका सम्झनुपर्दछ ।
५.३ "सदस्य विद्यालय" भन्नाले अनिवार्य आधारभूत शिक्षा कार्यक्रममा आबद्ध भएका गाउँपालिकाका सवै सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।
५.४ "संयोजक" भन्नाले अनिवार्य आधारभूत शिक्षा शिक्षा कार्यक्रमको संयोजकलाई सम्झनुपर्छ ।
५.५ "सदस्य" भन्नाले अनिवार्य आधारभूत शिक्षा कार्यक्रम संचालन समितिका सदस्यहरुलाई  सम्झनुपर्छ ।
५.६ "सचिवालय" भन्नाले अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको उद्देश्य पुरा गर्नका लागि स्थापना भएको संरचना भनेर बुझिने छ ।
५.७ "सचिवालय सचिव" भन्नाले संचालन समितिले तोकेको सचिवालय रहेको तोकिएको विद्यालयको प्र.अ. लाई बुझ्नु पर्छ ।
५.८. "संरक्षक " भन्नाले बालबालिकाको संरक्षण गर्ने व्यक्ति बुवा, आमा, बाजे, बज्यै, दाई, दिदीलाई बुझ्नु पर्छ ।
५.९. "सल्लाहकार " भन्नाले अनिवार्य आधारभूत शिक्षा कार्यक्रमलाई सुझाव तथा सल्लाह दिन तोकिएको व्यक्तिलाई बुझ्नु पर्छ ।

## ८. अनिवार्य आधारभूत शिक्षा गाउँपालिका स्तरीय संचालक समितिको प्रावधान:

८.१ गाउँपालिका संचालनमा रहेका सवै आधारभूत तथा माध्यामिक विद्यालयहरु यस कार्यक्रमका सदस्य विद्यालयहरु रहने छन् ।
८.२ अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको संयोजक सम्वन्धीत गाउँपालिका अध्यक्ष हुनेछ ।
८.३ गाउँपालिकाका वडाअध्यक्षहरु सबै यस समितिका सदस्य रहनेछन् ।
८.३ अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन समितिका सदस्यहरुको कार्यअवधी पाँच वर्षको रहनेछ ।
८.४ अनिवार्य आधारभूत शिक्षा कार्यक्रममा आवद्ध भएका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, बालसमुहका प्रतिनिधीहरु, शिक्षाविद्, पत्रकार महासंघको प्रतिनिधि, महिला समुहका प्रतिनिधी र शिक्षाक्षेत्रमा काम गर्ने गैससहरु मध्येबाट सदस्य रहेने छन् ।

## ९.गाउँपालिकास्तरीय संचालन समितिको गठन प्रक्रिया

९.१.अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको संचालक समिति कम्तिमा २३ जनाको रहने छ र समितिको संरचना निम्न अनुसार रहने छ ।
१) गाउँपालिकाको प्रमुख : अध्यक्ष
२) गाउँपालिकाका प्रत्येक वडाका वडा अध्यक्षहरु सदस्य
३) अनिवार्य आधारभूत शिक्षा लागु गर्न प्रतिबद्ध भएका गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य  मध्येबाट समितिले मनोनित गरेको एक महिलासहित दुई जना   सदस्य

४) अनिवार्य आधारभूत शिक्षा लागु गर्न प्रतिबद्ध भएका गाउँपालिकाभित्रका विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरूमध्येबाट समितिले मनोनित गरेको एक महिलासहित दुई जना सदस्य
५) शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूमध्येबाट समितिले मनोनित एक जना प्रतिनिधि सदस्य
६) शिक्षक महासंघ गाउँ पालिका प्रतिनिधि एक जना सदस्य
७) गाउँपालिकाभित्रको उच्च तहका विद्यालयको प्रधानाध्यापक एक जना सदस्य
८) आमा समूह वा महिला समूहमध्ये समितिबाट मनोनीत एक जना सदस्य
९) गाउँपालिका बाल संजाल समितिबाट संजालको अध्यक्ष वा तोकियको प्रतिनिधी एक जना सदस्य
१०) नागरिक समाज संजालका संयोजक वा निजले तोकियको एक जना व्यक्ति सदस्य
११) शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख सदस्य सचिव

## १०. संचालन समितिको भेला, वैठक

१०.१ अनिवार्य आधारभूत शिक्षा कार्यक्रम संचालन सदस्यहरुको वैठक प्रत्येक ३ महिनाको एक पटक बस्ने छ र बार्षिक भेला वर्षको १ पटक हुनेछ।
१०.२ अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको बैठक र भेला गरिने स्थान सचिवालयले तोके बमोजिम हुनेछ तर पालैपालो रुपमा गाउँपालिकाले आयोजना गर्न सक्ने छ।
१०.३ आगामी बैठकको मिति र स्थान प्रत्येक बैठकले तय गर्ने छ।

## ११. सदस्य खारेज तथा पदपूर्ति

११.१ अनिवार्य आधारभूत शिक्षा कार्यक्रम संचालन समितिका सदस्यहरु (जनप्रतिनिधि बाहेक) विना कारण लगातार ३ पटक सम्म उपस्थित नभएमा संचालक समितिको सदस्य पद स्वतः खारेज हुनेछ।
११.२ अनिवार्य आधारभूत शिक्षा कार्यक्रम संचालक समितिको सदस्यको मृत्यू भएमा।
११.३ अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको वद्नाम हुने वा उद्देश्य विपरीत काम गरेमा सदस्य वाट स्वतः हट्ने छ।
११.४ अनिवार्य आधारभूत शिक्षा कार्यक्रम संचालक समितिका कुनै सदस्यले राजिनामा दिएमा
११.५ अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको पदपुर्तिका लागि सम्बन्धित विद्यालयको सिफारिसमा बार्षिक भेलाले पछि अनुमोदन गर्ने गरी पदपुर्ति गरिने छ।

## १२. संचालक समितिको कार्य तथा भूमिका:

१२.१ अनिवार्य आधारभूत शिक्षा कार्यक्रम बारे अभिभावक, शिक्षक, व्यवस्थापन समिति र अन्य सरोकारवाला निकायहरुलाई जानकारी गर्ने
१२.२ अनिवार्य आधारभूत शिक्षा शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन विभिन्न सरोकारवाला निकायसंग समन्वय गर्ने
१२.३ विद्यालयहरुलाई परिचालन गरि विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्यांक संकलन गरी विद्यालय भर्ना गर्न विभिन्न कार्यक्रहरु संचालन गर्ने
१२.४ अनिवार्य आधारभूत शिक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न यस कार्यक्रमको कोष वृद्धिका लागि विभिन्न स्रोत संकलन अभियान संचालन गर्ने
१२.५ सवै बालबालिकाले अनिवार्य तथा निः शुल्क रुपमा पढ्न पाए नपाएको अनुगमन गर्ने
१२.६ अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको कोषको वार्षिक आय व्ययको विवरण आम भेलामा राखी अनुमोदन गराउने।
१२.७ अनिवार्य आधारभूत शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक नीति नियम र निर्देशिकाको निर्माण गरी आम भेलाबाट अनुमोदन गराउने।
१२.७ प्रत्येक शैक्षिक सत्रको शुरुमा सवै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान संचालन गर्ने र विद्यालय भर्ना नभएकालाई विद्यालयमा भर्ना गराउने

१२.८ शैक्षिक सामग्री किन्न नसकि विद्यालय जान नसक्ने अति गरीव परिवारका बालबालिकालाई शैक्षिक सामग्रीको व्यवस्था गर्ने आवश्यक परेमा परिवारलाइ आय आर्जनका कार्यक्रमका लागि समेत सहयोग गर्ने ।

१२.९ ४ देखि १२ वर्ष उमेरका बालबालिकाहरु कोही विद्यालय बाहिर भएमा बैकल्पिक कक्षा मार्फत विद्यालयको पहुँचमा ल्याउन सहयोग गर्ने ।

१२.१० विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न आवश्यक न्युनतम भौतिक पुर्वाधार तयार गर्ने र विद्यालय व्यवस्थापन समिति र शिक्षकको क्षमता अभिवृद्धि गर्ने ।

१२.११ विद्यालयमा आवश्यक शिक्षक दरवन्दीका लागि सम्बन्धित निकायमा पुगि शिक्षकको व्यवस्था गर्न पहल गर्ने ।

१२.१२ अभिभावकको सक्रियता बढाउन अभिभावक शिक्षा मार्फत संचेतना अभिवृद्धिमा जोड दिने ।

१२.१३ बाल विकास केन्द्रको व्यवस्थापन गर्नको लागी विभिन्न निकायमा पहल गर्ने ।

१२.१४ गाउँपालिकाको शैक्षिक विकासको लागी जिल्ला शिक्षा कार्यालयसँग नियमित रुपमा समन्वय गर्नको साथै आफ्नो गाउँपालिकाको शैक्षिक प्रगति पनि सरोकारवाला निकायहरुलाई पेश गर्ने छ ।

१२.१५ संचालक समितिले अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको नियमित अनुगमन गरी आवश्यक सुझाव र सल्लाह दिने ।

विद्यालयमा बाल, अपांगता, बालिकामैत्री वातावरण निर्माण गरि सुरक्षित विद्यालय निर्माण गर्ने

शिक्षकहरुलाइ सकारात्मक अनुशासन, मनोसामाजिक परामर्श, सामाजिक संवेगात्मक सिकाइ र लैगिक समानता र सामाजिक समावेशिकरण सम्बन्धि पालिकाले प्याकेज निर्माण गरि सबै शिक्षकहरुले तालिम प्रदान गर्ने

१२.१६ अनिवार्य आधारभूत  शिक्षा कार्यक्रम संचालक समितिले यस कार्यक्रमको प्रभावकारीता मुल्याङ्गनको लागि विज्ञहरुको टोली गठन गरी मुल्याङ्गन गराउन सक्नेछ ।

१२.१७ यस निर्देशिकामा उल्लेखित विषयवस्तुहरुको कार्यान्वयन गर्न त्रैमासिकरुपमा गाउँपालिकास्तरमा समिक्षा, अन्तरक्रिया गोष्ठीहरु गाउँपालिकाको समन्वय र सहकार्यमा संचालन गर्ने ।

१२.१८ कुनै पनि घरधुरी नछुट्ने र नदोहोरिने गरी प्रत्येक गाउँपालिकाले गाउँपालिकाभित्रका विद्यालयहरूको सेवा क्षेत्र निर्धारण निम्नानुसार गर्ने ।

१२.१९ कुनै एउटा वडामा एकभन्दा बढी विद्यालय भएमा प्रष्ट देखिने सिमानाका आधारमा विद्यालयहरूको सेवा क्षेत्र छुट्याई सम्बन्धित विद्यालयहरूलाई जिम्मा दिने ।

१२.२० कुनै वडामा एउटै मात्र विद्यालय भएमा सो वडाभित्रका बालबालिकाको भर्नासम्बन्धी सोही विद्यालयलाई जिम्मा दिने ।

१२.२१ कुनै वडामा एउटा पनि विद्यालय नभएमा नजिकको विद्यालयलाई पुरै वडाको जिम्मा दिने ।

१२.२२ प्रत्येक विद्यालयलाई आ-आफ्नो क्षेत्रको समुदायको नक्साङ्कन गर्न लगाई सेवा क्षेत्रभित्रका विद्यालय गएका र नगएका बालबालिकाहरूको अभिलेख अद्यावधिक गर्ने कार्यको जिम्मेवारी लिन लगाउने ।

१२.२३ गाउँपालिकाभित्र विद्यालय नगएका बालबालिकाको अभिलेख तयार गरी हरेक वडामा यस्ता किसिमका बालबालिकाको नाम, ठेगाना, अभिभावकको नाम तथा पेसा यकिन गर्ने ।

## १३ अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन संचालक समितिका पदाधिकारीहरुको काम, कर्तव्यहरु

### १३.१ संयोजक

क) अनिवार्य आधारभूत  शिक्षा कार्यक्रम संचालक समितिको वैठकको अध्यक्षता गर्ने ।

ख अनिवार्य आधारभूत  शिक्षा कार्यक्रमको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने ।

ग) अनिवार्य क आधारभूत शिक्षा कार्यक्रमको स्रोतको व्यवस्थापन गर्ने र सम्पत्तिको संरक्षणको व्यवस्थापन गर्ने

घ) अन्य सदस्य मध्येवाट पनि अभिलेख र कोष व्यवस्थापन गर्नका लागि  प्रबन्ध मिलाउने

ङ) सहयोगी गैरसरकारी संघ संस्थाहरुसँग समन्वय गरी श्रोतको व्यवस्थापन गर्ने ।

च) गाउँपालिकालाई अनिवार्य आधारभूत शिक्षा कार्यान्वियन गर्न आवश्यक स्रोत र रणनीतिहरु अवलम्वन गर्ने ।

**१३.२ सदस्यहरु**

क अनिवार्य आधारभूत शिक्षा कार्यक्रमका निर्णयहरु आ-आफ्ना विद्यालयमा कार्यान्वययन गर्ने ।

ख) अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि नयाँ विचारको प्रतिपादन गर्ने ।

ग) अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको विकासका  लागि आवश्यक अन्य सहयोग गर्ने ।

घ) अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको वैठकमा सक्रिय रुपमा भाग लिने ।

ङ) संयोजकको अनुपस्थितिमा जेष्ठ सदस्यवाट वार्षिक भेला वा संचालक समितिको वैठक सञ्चालन गर्ने

च)अनिवार्य आधारभूत शिक्षा कार्यक्रमलाई प्रभावकारी वनाउन आ-आफ्नो विद्यालयका व्यवस्थापन समिति,सेवा क्षेत्रमा रहेका, सामुदायिक अध्ययन केन्द्र र शिक्षक अभिभावक संघलाई परिचालन गर्ने ।

## १७. विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको भूमिका

### १७.१. गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको भुमिकाः

- गाउँपालिकाद्वारा घोषणा गरिएको अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्ने र आवश्यक सुझाव सल्लाह दिने ।
- ४ वर्षमुनिका बालबालिकाहरुको समुदाय तथा विद्यालयमा आधारित बालविकास केन्द्र स्थापनाको लागि आवश्यक पर्ने कोटाहरु उपलब्ध गराउने  ।
- टुहुरा, असहाय, गरीव, दलित तथा जोखिम परिस्थितमा रहेका बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउन छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गर्नको लागी विशेष प्राथमिकता दिईने छ ।
- विद्यालय जाने उमेर पुगेका तर विद्यालय बाहिर रहेका बालबालिकाहरुको वैकल्पिक कक्षा मार्फत विद्यालयमा ल्याउन विशेष प्राथमिकता दिने  ।
- विद्यालय स्तरमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरु संचालन गर्नको लागि आवश्यक पर्ने श्रोतसाधनहरु सहयोग गर्न विशेष सहयोग गरिने छ ।
- विद्यार्थी सख्याको आधारमा शिक्षक दरवन्दि, राहत तथा पिसिएफ कोटाहरुको उपलब्ध गर्न सम्बन्धित निकायसँग पहल गर्ने ।
- विद्यालय भर्ना अभियान, बालबालिका सम्वन्धी कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक परामर्श तथा सहयोग गर्ने  ।
- बालबालिकाहरुको पहुँच तथा  गुणस्तर वृद्धि गर्नको लागि शिक्षक तालिम, शैक्षिक सामग्री सहयोगमा पहिलो प्राथमिकता दिईने ।
- गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना निर्माण गर्नको लागि पहल  तथा अगुवाई गर्ने
- अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा गाउँपालिका कार्यान्वयन निर्देशिका निर्माण कार्यमा सहयोग पुऱ्याउने छ ।
- शिक्षककहरुका लागि तालिम, भौतिक पूर्वाधार निर्माण र मर्मतमा सहयोग

### १७.४.. गैरसरकारी संस्थाहरुको भूमिका :

- विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना निर्माण गर्ने क्रममा गाउँ शिक्षा समितिको परामर्शमा प्राविविधिक तथा आर्थिक सहयोग गर्ने ।
- गाउँपालिकामा काम गर्ने अवधि सम्म अनिवार्य आधारभूत शिक्षा गाउँपालिका कार्यान्वयन गर्न सहयोगीको रुपमा भूमिका निर्वाह गर्ने ।
- बालबालिकाहरुको गुणस्तर सुधारको लागि उपचारात्मक कक्षा, पढाइ शिविर, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास तथा आवश्यक शैक्षिक सामग्रीहरु सहयोग गर्ने ।

- विद्यालय सुधार योजना,गाउँशिक्षा योजना निर्माण गर्नको लागि आवश्यक प्राविधिक तथा आर्थिक सहयोग गर्ने ।
- बालबालिकाहरुका सवालहरु जस्तै बालविवाह, बालश्रम, एचआईभि र एड्स तथा जोखिम परिस्थितीमा रहेका बालबालिकाहरुका सवालहरुको पैरवी गर्न र त्यस्ता बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउनको लागि विभिन्न संचेतनामुलक क्रियाकलापहरु संचालन गर्ने ।
- शिक्षा विकास तथा समन्वय ईकाइ,गाउँपालिका, गाउँ बालअधिकार संरक्षण समिति र जिल्लास्तरका अन्य सरोकारवाला निकायहरुद्धारा संयुक्त अनुगमन गर्ने क्रममा सहभागि हुने ।
- अनिवार्य आधारभूत शिक्षा गाउँपालिका कार्यान्वयन निर्देशिका निर्माण गर्नको लागि सहजकर्ताको रुपमा सहयोग गर्ने ।
- गाउँपालिकासँगको समन्वय र सहकार्यमा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्नको लागि आवश्यकता हेरी सहयोगका कार्यक्रम विस्तार गर्ने ।
- गाउँपालिकाहरुको सिफारिसमा आवश्यकता हेरी विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री र विद्यालय कक्षाकोठा मर्मत सम्भार र शिक्षक तालिमका क्रियाकलापहरुमा सहयोग गर्ने ।

**१७.५ विद्यालय व्यवस्थापन समितिको भूमिकाः**

क) अनिवार्य आधारभूत शिक्षा कार्यक्रम संचालक समितिलाई आवश्यक सुझाव दिने ।
ख) अनिवार्य आधारभूत शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन समुदाय परिचालन गर्ने ।
ग) अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको कोष अभिवृद्धिका लागि स्रोत संकलन अभियानमा सहयोग गर्ने
घ) विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन गर्ने ।
ङ) विद्यालय भर्ना अभियान संचालन गर्ने ।
च) अनिवार्य आधारभूत शिक्षा कार्यक्रमका बारेमा विद्यार्थी, अभिभावक र शिक्षकहरुलाई जानकारी गराउने
छ) विद्यालय सेवा क्षेत्रका बालबालिकाको जन्म दर्ता अभियान संचालन गर्ने ।
ज) विद्यालय सुधार योजना निर्माण गर्ने र वार्षिकरुपमा अद्यावधिक गर्ने ।

**१८. अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको कोषको व्यवस्था**

गाउँपालिकासँगको समन्वय र सहकार्यमा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनको लागि गाउँपालिका शिक्षा समितिले कोषको व्यवस्था गर्नेछ र यस संचालक समितिले आवश्यक सहयोग गर्नेछ ।

१७.१ अनिवार्य आधारभूत शिक्षा कार्यक्रममा प्राप्त आर्थिक रकम तथा शूल्कलाई गाउँपालिका भित्रका सवै बालबालिकाको अनिवार्य आधारभूत शिक्षा सुनिश्चितताका लागि खर्च गरिनेछ ।

१७.३ अनिवार्य आधारभूत शिक्षा कार्यक्रमको नाममा यस कार्यक्रम संचालक समितिले गाउँपालिका शिक्षा समितिका अध्यक्ष र सदस्य सचिवको नाममा वैंकमा खाता खोलि दुवै जनाको संयुक्त हस्ताक्षरमा आर्थिक कारोवार सञ्चालन गरिनेछ

१७.४. यो कोषको स्वामित्व अनिवार्य आधारभूत शिक्षा कार्यक्रमका सवै सदस्य विद्यालयहरुको रहने छ ।

१७.४. विद्यालय व्यवस्थापन समितिहरुले यो कार्यक्रम संचालन गर्न नसकेको खण्डमा यस कार्यक्रमको निरन्तरताका लागि कोषको स्वामित्व स्वतः गाउँपालिकामा जानेछ ।

१७.५. यो निर्देशिका लागु नहुन्जेल सम्मका लागि गाउँपालिका वा अन्य संघ संस्थाहरुबाट प्राप्त हुने सहयोग सोझै सम्वन्धीत विद्यालयहरुलाई पनि सहयोग गर्न सकिनेछ ।

१७.६ अनिवार्य शिक्षा कार्यान्वयन गर्नका लागी आवश्यक बजेट हरेक बर्ष वडाले विनियोजन गर्ने छ र अन्य स्थानीय स्रोतहरुबाट संकलित करबाट उठेको केहि रकम यस कोषमा रहने छ ।

१९. गाउँपालिकास्तरीय अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन अनुगमन समितिः–

अनिवार्य आधारभूत शिक्षा कार्यक्रम कार्यान्वयन गर्नको लागि यस समितिले एक अनुगमन समिति गठन गर्न सक्नेछ जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन् । यस अनुगमन समितिको सिफारिसमा मात्र अनिवार्य आधारभूत शिक्षा वडा,गाउँपालिका घोषणा गर्न सकिनेछ ।

संयोजकः– अनिवार्य आधारभूत  शिक्षा संचालन समितिको संयोजक तथा गाउँपालिका अध्यक्ष वा नगर प्रमुखले तोकियको व्यक्ति

सदस्यः– सम्वन्धीत गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत

सदस्यः– सम्बन्धीत वडाका वडाबाल अधिकार संरक्षण समितिको संयोजक

सदस्यः– गाउँपालिकास्तरीय बालसमुह संजालबाट एक बालक एक बालिका गरी २ जना

सदस्यः– सम्वन्धीत गाउँपालिकाका वडा अध्यक्षहरु सबै

सदस्यः– सम्वन्धीत गाउँपालिका विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मध्येबाट एक जना

सदस्यः– पत्रकार महासंघ प्रतिनिधि

सदस्यः– विद्यालयका प्रअहरु मध्येबाट एक जना

सदस्यः– बालबालिका तथा शिक्षाको क्षेत्रमा कार्यरत संघ संस्थाहरुका प्रतिनिधि १ जना

सदस्यः  महिला तथा बालबालिका शाखा प्रमुख तथा निजले तोकियको कर्मचारी १ जना

सदस्य : शिक्षक महासंघ प्रतिनिधी १ जना

सदस्य : शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तथा निजले तोकियको कर्मचारी १ जना

## २०. अनिवार्य आधारभूत  शिक्षा कार्यक्रम अर्न्तगतका क्रियाकलापहरु

- विद्यालय बाहिर रहेका बालबालिकाहरुको घरधुरी सर्भेक्षण
- विद्यालय सुधार योजना निर्माण तथा अधावधीक
- अनिवार्य आधारभूत  शिक्षाका विषयमा अनुशिक्षण
- विद्यार्थी भर्ना अभियान संचालन
- विद्यालय आचारसंहिता निर्माण
- पढाई विकास कार्यकम संचालन
- विद्याय स्वास्थ्य र पोषण कार्यकम संचालन
- नियमित मुल्यांकन र उद्दार कक्षोन्नतिको बारेमा शिक्षकलाई अनुशिक्षण
- कोष वृद्धिका लागि चन्दा संकलन अभियान संचालन
- कोष वृद्धिका लागि सहयोगि निकायसंग समन्वय
- विद्यालयका शैक्षिक तथ्यांक अध्यावधी अभियान संचालन
- शिक्षक, वि.व्य.स. र गाउँपालिकाशिक्षा समितिको नियमित बैठक
- आवश्यक शिक्षक दरवन्दीका लागि सम्बन्धित निकायसंग समन्वय
- शिक्षक, विद्यालय व्यवस्थापन, शिक्षक अभिभावक संघ र गाउँपालिका शिक्षा समितिको क्षमता अभिवृद्धि
- विद्यालय स्तरीय बाल क्लब गठन
- विद्यालय शान्ति क्षेत्र घोषणा अभियान
- बैकल्पिक शिक्षा कार्यक्रम संचालन
- नियमित अतिरिक्त क्रियाकलाप
- विद्यालयको भौतिक पूर्वाधार सुधार
- बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप संचालनका लागी शिक्षकको क्षमता विकास
- सुरक्षित विद्यालय निर्माण

## २१. अनिवार्य आधारभूत शिक्षा घोषणाका सुचकहरु :

| क स | सूचकहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | ४ देखि १२ बर्ष उमेर समूहका बालबालिकाहरुको आधारभूत शिक्षामा पहुँचका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गरेको र विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी विद्यालयमा भर्ना गरेको । | | | |
| २ | अनिवार्य आधारभूत शिक्षा वडा तथा गाउँपालिका घोषणका लागि अनिवार्य आधारभूत शिक्षा सुनिश्चित वडा तथा गाउँपालिका घोषणा कार्यान्वयन निर्देशिका निर्माण गरेको । | | | |
| ३ | सबै अभिभावकहरू बालबालिकाहरुलाई विद्यालय पठाउने विषयमा प्रतिबद्ध रहेका । | | | |
| ४ | घोषणा हुने वडाको हकमा वडा समिति, गाउँपालिकाको हकमा गाउँ परिषद् र जिल्लाको हकमा जिल्ला परिषद्बाट घोषणा गर्ने निर्णय भएको । | | | |
| ५ | ४ देखि १२ बर्ष उमेर समूहका विधालयको सेवा क्षेत्रका कम्तिमा ९८ प्रतिशत बालबालिकाहरु विद्यालय तथा बालविकास केन्द्रमा भर्ना भई नियमित अध्ययन गर्ने गरेका । | | | |
| ६ | वडा घोषणा पूर्व ४ देखि १२ बर्ष उमेर समूहका विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुको तथ्यांक संकलन गरी वडा कार्यालयमा समिक्षा गर्ने गरेको । | | | |
| ७ | विधालयको विद्यार्थी संख्याको बारेमा वडा कार्यालयमा जानकारी गराएको । | | | |
| ८ | सबै विधालयहरुले आफ्नो सेवा क्षेत्रका ४ देखि १२ बर्ष उमेर समूहका सत प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएको सुनिश्चित गरेको हुने । | | | |
| ९ | घोषण पश्चात आर्थिक अवस्था कमजोर भई विद्यालय जान नसक्ने बालबालिकाहरुको विद्यालय नियमितताका लागि वडा कार्यालयले आवश्यक कोषको व्यवस्था गर्ने बिषयमा प्रतिबद्ध भएको । | | | |

## २२. सहयोगि पक्षः

| सरकारी निकाय | गैर सरकारी निकाय | अन्य |
|---|---|---|
| • गाउँपालिका<br>• गाउँ शिक्षा समिति<br>• जिल्ला समन्वय समितिको कार्यालय<br>• शिक्षा विकास तथा समन्वय ईकाइ कार्यालय<br>• जिल्ला महिला तथा बालबालिका<br>• महिला तथा बालबालिका शाखा | • गैर सरकारी संस्था महासंघ<br>• पत्रकार,<br>• नेपाल बार, नेपाल, रेडक्रस<br>• आत्म सम्मानकालागी सहकार्य (क्याड) नेपाल<br>• प्लान इन्टरनेशनल<br>• पेश नेपाल | • गाउँ बालअधिकार संरक्षण समिति<br>• राजनैतिक दल, नागरिक समाज<br>• उद्योग वाणिज्य संघ<br>• बालयुवा समुहहरु<br>• समुदायमा |

| | | |
|---|---|---|
| • स्वास्थ्य शाखा<br>• स्थानीय स्वास्थ्य संस्थाहरु<br>• वडाकार्यालयहरु | | आधारित अन्य समुह समितिहरु |

२३. शिक्षा मन्त्रालयले अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका, २०७१ का प्रमुख प्रावधानहरु

**परिच्छेद ४**
**२३.अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः**

७. नेपाल सरकारबाट यो निर्देशिका जारी भइसकेपछि अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि देशभरि नै देहाय बमोजिमको विशेष व्यवस्था कार्यान्वयन हुनेछः-

(क) पर्याप्त कारण विना आफ्नो परिवारमा कुनै विद्यालय उमेर समूह ४–१२ वर्षका बालबालिका विद्यालय बाहिर रहेका परिवारको मुख्य व्यक्तिले कुनै सार्वजनिक पद धारण गर्न नमिल्ने ।

(ख) आफ्ना बालबालिका विद्यालय बाहिर छैनन् भन्ने विषयको सुनिश्चितता नभएसम्म गाउँपालिकाबाट कुनै किसिमको सिफारिस नदिने र निवेदकले मनासिब कारण खोली निवेदन गरेमा पहिलो एक पटकका लागि कबुलियतनामा गराएपछि दिन सकिनेछ ।

(ग)राज्यबाट उपलब्ध गराइने अन्य सुविधा लिन आफ्ना बालबालिका विद्यालय बाहिर छैनन् भन्ने सुनिश्चितता हुनु पर्नेछ ।

**परिच्छेद ५**
**अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन कार्यविधि**

८. अनिवार्य आधारभूत शिक्षा लागु गर्न इच्छुक गाउँपालिकाले देहाय विषय खुल्ने गरी शिक्षा विकास तथा समन्वय ईकाइ कार्यालयमा प्रस्ताव-पत्र पेस गर्नु पर्नेछ :

(क) गाउँ/नगर शिक्षा समिति गठन भएको र उक्त समितिबाट आवधिक योजना निर्माण भएको

(ख) प्रत्येक विद्यालयले विद्‌यालय सुधार योजना बनाई कार्यक्रम सञ्चालन गरिरहेको अवस्था

(ग) स्थानीयस्तरमा शिक्षासम्बन्धी काम गर्ने गैरसरकारी सङ्घ संस्थाहरूले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको लागि सहयोग जुटाई रहेको वा सहयोग गर्ने प्रतिबद्धता जनाएको अवस्था

(घ) गाउँपालिकाअन्तर्गत शिक्षा क्षेत्रको विकासको लागि विभिन्न समूहहरू जस्तै आमा समूह, आयआर्जन समूह, वन समूह तथा बालक्लब आदि गठन भई काम गरिरहेको अवस्था

(ङ) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वडाका निश्चित क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नका लागि सेवा क्षेत्रभित्रका विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी तथ्याङ्क एकिन भएको अवस्था

(च) गाउँपालिका भित्र अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा कार्यान्वयन गर्न सर्वदलीय सहमति भएको अवस्था ।

९.प्रस्तावनाको अध्ययन गरी शिक्षा विकास तथा समन्वय ईकाइ प्रस्ताव स्वीकृत गरी सर्त तोकेर अनुदान उपलब्ध गराउन सक्नेछ ।

**परिच्छेद-६**
**<u>अनिवार्य आधारभूत शिक्षा सुनिश्चित भएको घोषणा</u>**

१०. अनिवार्य आधारभूत शिक्षा लागु भएका वा नभएका देहायबमोजिमका वडा, गाउँपालिका वा जिल्लालाई सबैका लागि शिक्षा सुनिश्चित भएको घोषणा गर्न सकिनेछ ।

(क) सबैका लागि शिक्षा सुनिश्चितता भएको जिल्लामा विद्यालय उमेर समूह ५–१२ वर्षका कम्तीमा ९८ प्रतिशत बालबालिका विद्यालय भर्ना भई निरन्तर रूपमा अध्यनरत भएको अवस्था

(ख) विद्यालय सेवाक्षेत्रभित्रका बालबालिकाको अध्ययन अध्यापनका विषयमा जवाफदेही संयन्त्रको विकास भएको अवस्था

(ग) सबै अभिभावकहरू विद्यालय पठाउने विषयमा प्रतिबद्ध रहेको अवस्था

(घ) गाउँपालिकाको सन्दर्भमा सबैका लागि शिक्षा घोषणा गर्दा गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा कम्तीमा ९८ प्रतिशत र जिल्लाको सन्दर्भमा सबै गाउँपालिका/गाउँपालिका मा ९८ प्रतिशत ४–१२ वर्ष उमेर समूह का बालबालिका विद्यालय भर्ना भई निरन्तर अध्ययन गरिरहेको अवस्था

(ङ) घोषणा हुने वडाको हकमा वडा समिति, गाउँपालिकाको हकमा परिषद् र जिल्लाको हकमा जिल्ला परिषद्बाट घोषणा गर्ने निर्णय भएको अवस्था

(च) गाउँ शिक्षा योजनाले कार्यक्रमको निरन्तरताका लागि सम्बोधन गरेको अवस्था ।

११. अनिवार्य आधारभूत शिक्षा कार्यक्रम कार्यान्वयन एवम् निरन्तरताका लागि नेपाल सरकारले केन्द्रीय कार्यक्रम निर्देशन समितिबाट तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ७

## संस्थागत संरचना तथा काम, कर्तव्य र अधिकार

**१८. स्थानीय कार्यक्रम कार्यान्वयन समितिः** अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिका स्तरमा देहाय अनुसारको स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछ :

(क) गाउँपालिकाको प्रमुख : अध्यक्ष

(ख) अनिवार्य आधारभूत शिक्षा लागु गर्न प्रतिबद्ध भएका गाउँपालिकाभित्रका विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य मध्येबाट समितिले मनोनित गरेको एक महिलासहित दुई जना सदस्य

(ग) अनिवार्य आधारभूत शिक्षा लागु गर्न प्रतिबद्ध भएका गाउँपालिकाभित्रका विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरूमध्येबाट समितिले मनोनित गरेको एक महिलासहित दुई जना सदस्य

(घ) शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूमध्येबाट समितिले मनोनित एक जना प्रतिनिधि सदस्य

(ङ) शिक्षक महासंघको प्रतिनिधि सदस्य

(च) गाउँपालिकाभित्रको उच्च तहका विद्यालयको प्रधानाध्यापक सदस्य

(छ) आमा समूह वा महिला समूहमध्ये समितिबाट मनोनीत एक जना सदस्य

(ज) बालक्लबका अध्यक्षमध्ये समितिबाट मनोनीत एक जना सदस्य

(झ) शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख सदस्य सचिव

**१९. स्थानीय कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार:** स्थानीय कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) कुनै पनि घरधुरी नछुट्ने र नदोहोरिने गरी प्रत्येक गाउँपालिकाले गाउँपालिकाभित्रका विद्यालयहरूको सेवा क्षेत्र निर्धारण निम्नानुसार गर्ने :

(अ) कुनै एउटा वडामा एकभन्दा बढी विद्यालय भएमा प्रष्ट देखिने सिमानाका आधारमा विद्यालयहरूको सेवा क्षेत्र छुट्याई सम्बन्धित विद्यालयहरूलाई जिम्मा दिने ।

(आ)कुनै वडामा एउटै मात्र विद्यालय भएमा सो वडाभित्रका बालबालिकाको भर्नासम्बन्धी सोही विद्यालयलाई जिम्मा दिने ।

(इ) कुनै वडामा एउटा पनि विद्यालय नभएमा नजिकको विद्यालयलाई पुरै वडाको जिम्मा दिने ।

(ई) प्रत्येक विद्यालयलाई आ-आफ्नो क्षेत्रको समुदायको नक्साङ्कन गर्न लगाई सेवा क्षेत्रभित्रका विद्यालय गएका र नगएका बालबालिकाहरूको अभिलेख अद्यावधिक गर्ने कार्यको जिम्मेवारी लिन लगाउने ।

(ख) गाउँपालिकाभित्र विद्यालय नगएका बालबालिकाको अभिलेख तयार गरी हरेक वडामा यस्ता किसिमका बालबालिकाको नाम, ठेगाना, अभिभावकको नाम तथा पेसा यकिन गर्ने ।

(ग) विद्यालय नगएका बालबालिकाको सङ्ख्या निर्धारण भएपछि तिनीहरूलाई विद्यालय ल्याउनका लागि आवश्यक छात्रवृत्ति, शैक्षिक सामग्री तथा फर्निचरहरू, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको व्यवस्था लगायत उपलब्ध गराउनु पर्ने प्रोत्साहनका विषयका सम्बन्धमा आवश्यक निष्कर्षमा पुग्ने । यसका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी प्रस्तावना-पत्रमा समेत उल्लेख गर्ने । यस्तो बजेटमा स्थानीय तहबाट व्यहोर्न सक्ने

र शिक्षा मन्त्रालय, शिक्षा विभाग, सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालयबाट अपेक्षा गरिएको बजेटसमेत उल्लेख गर्ने ।

(घ) अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षाका सम्बन्धमा विद्यालय नआएका बालबालिकाहरूलाई विद्यालयीय शिक्षा उपलब्ध गराउन गरिने क्रियाकलापहरू तथा कार्यक्रमहरूको समय तालिका तयार गरी सोअनुसार कार्यक्रम सञ्चालन गर्ने र यस्ता कार्यक्रममा आमा समूह, बालक्लब, समुदायमा आधारित विभिन्न संस्थाहरू, स्थानीय गैरसरकारी सङ्घ-संस्था, पत्रकारहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, अभिभावकहरू, विद्यार्थीहरू, शिक्षकका पेसागत सङ्घ संस्थाका निम्ति अनिवार्य आधारभूत शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सहयोग लिने ।

(ङ) अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा कार्यक्रमको प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम, लोकगीत तथा नृत्य कार्यक्रम, आमाभेला, र्‍याली, वक्तृत्वकला, पम्प्लेट, पोस्टर, स्थानीय आमसञ्चारका साधनको प्रयोग जस्ता कार्यक्रम सञ्चालन गर्ने र यस्ता कार्यक्रम सञ्चालन गर्दा उपलब्ध गराइने शैक्षिक सेवा र सुविधाको समेत प्रचारप्रसार गर्ने ।

(च) अनिवार्य आधारभूत शिक्षाका लागि प्राप्त सहयोगलाई लक्षित विद्यार्थी र उनीहरूका अभिभावकहरूलाई विद्यालयमार्फत् उपलब्ध गराउने ।

(छ) अनिवार्य आधारभूत शिक्षाका लागि उपलब्ध गराइएको सेवा सुविधाको प्रयोग सम्बन्धमा अनुगमन गर्ने, सम्बन्धित विद्यालय मार्फत् प्रतिवेदन लिने र सम्बन्धित निकायहरूलाई सुझावसहित प्रतिवेदन पठाउने ।

(ज) अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्न सञ्चालन भइरहेका विद्यालयहरू एकआपसमा गाभ्दा स्रोत र साधनको परिचालन प्रभावकारी हुने अवस्था तथा तोकिएका गाउँपालिका क्षेत्रभित्र शिक्षकको दरबन्दी मिलान गर्दा अझ प्रभावकारी हुने भए वा तत्काल कायम रहेका बालविकास केन्द्रहरूको सञ्चालन र पुर्नवितरण गर्दा प्रभावकारी हुने देखिएमा सोको खाका र रायसहित शिक्षा विकास तथा समन्वय ईकाइलाई सुझाव दिने ।

**"बालबालिकाहरुका लागि जुटौ"**

**धन्यवाद**